# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 16, Issue 5 No. 95 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Bi-monthly, Baishakh-Jestha 2074 (May 2017)


## ग्राहक आधार १ करोड ६९ लाख

नेपाल टेलिकमको ग्राहक आधार गत २०७३ फागुन महिनाको अन्त्यसम्ममा १ करोड ६९ लाख २२ हजार पुगेको छ।

यस अनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ४६ लाख ३८ हजार, सिडीएमए सेवाका ग्राहक १६ लाख १ हजार ४ सय तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८२ हजार ३ सय रहेका छन्। फागुन मसान्तसम्म कम्पनीको डाटा सेवाका प्रयोगकर्ता ८२ लाख ७१ हजार पुगेका छन्।

नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो (२०७३ पौष महिना) MIS Report

(बाँकी २ पेजमा)

## कम्पनीको वेबसाइट परिमार्जन

नेपाल टेलिकमले आफ्नो वेबसाइट (www.ntc.net.np) लाई समय सापेक्ष परिमार्जन गर्दै लाने क्रममा २०७३ चैत्र ३१ गतेदेखि परिमार्जित गरेको छ। प्रयोगकर्ताहरुको सहजताका लागि वेबसाइटमा अपलोड गरिने सामग्रीहरु अंग्रेजी भाषाको साथै नेपाली भाषामा पनि उपलब्ध गराइएको छ। कम्पनीका सेवा सुविधासँग सम्बन्धित सूचना, तथ्यांक आदि अंग्रेजी तथा नेपाली भाषामा प्रभावकारी रुपमा उपलब्ध गराउदै जाने योजना रहेको छ।

कम्पनीको साविक वेबसाइट परम्परागत रुपमा Desktop/Laptop बाट हेर्ने प्रयोजनका लागि तयार गरिएकोमा हाल मोबाइल मार्फत Internet प्रयोग गर्ने क्रम अत्याधिक बढेकोले Responsive Design (Desktop, Laptop / Mobile मैत्री) को अवधारणा अन्तर्गत रहेर नयाँ वेवसाइट सञ्चालनमा ल्याइएको छ। यसबाट कम्पनीको वेवसाइट प्रयोग गर्न अझ सहज हुने विश्वास गरिएको छ।

## सरकारी वेबसाइट नि:शुल्क

नेपाल टेलिकमले यही बैशाख १ गतेदेखि नेपाल सरकारबाट सञ्चालित 'gov.np' domain का करिब ५५० वटा वेबसाइटहरु कम्पनीका जीएसएम मोबाइल सेवाबाट नि:शुल्क उपभोग गर्न पाउने गरी उपलब्ध गराएको छ।

नेपाल सरकारका वेबसाइटहरु कम्पनीको जीएसएम मोबाइल डाटा प्रयोग गरी स्वतन्त्ररुपमा ब्राउज गर्नसमेत सकिने भएको छ। नि:शुल्क हेर्न सकिने नेपाल सरकारका उल्लिखित वेबसाइटहरुको सूची कम्पनीको वेबसाइटमा उपलब्ध गराइएको छ।

यसबाट नेपाल सरकारको नीति बमोजिम सरकारका सूचना सामग्रीहरुमा सर्वसाधारणको पहुँचमा सहजता आउने विश्वास लिइएको छ।

कम्पनीले यस अघि नै आफ्नो website: www.ntc.net.np, recharge.ntc.net.np र meet.ntc.net.np GSM Mobile बाट नि:शुल्क हेर्न सकिने व्यवस्था गरिसकेको छ।

# कम्पनीको साधारण सभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभा २०७३ फागुन ३० गते काठमाडौमा सम्पन्न भयो। उक्त साधारणसभाले आर्थिक वर्ष २०७२।७३ को मुनाफा रकम मध्येबाट स्वीकृत चुक्ता पूँजीको ५१ प्रतिशतका दरले शेयर धनीहरुलाई नगद लाभांश वितरण गर्ने, कम्पनीको नियमावलीमा संशोधनलगायतका विभिन्न प्रस्तावहरु सर्वसम्मतले पारित गरेको छ।

त्रिभुवन आर्मी अफिसर्स क्लब, काठमाडौंमा सम्पन्न सो साधारण सभामा ९१ प्रतिशतभन्दा बढी शेयरधनीहरुको उपस्थिति रहेको थियो। उक्त सभाले आर्थिक वर्ष २०७२।७३ को लागि सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसहितको २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी सर्वसम्मतले पारित गरेको छ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ. व. २०७३/७४ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टड एकाउण्टेण्ट सुबोध कुमार कर्णलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै निजको पारिश्रमिक समेत पारित गरेको छ।

कम्पनीको सञ्चालक समितिका अध्यक्ष एवं सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ्गले साधारणसभामा उपस्थित शेयर धनीहरुलाई स्वागत गर्दै कम्पनीको नवौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो। प्रतिबेदन पेश गर्दै उहाँले कम्पनीले विगत वर्षहरूमा जस्तै यस वर्ष पनि नेपालको दूरसञ्चार क्षेत्रको समग्र विकास र विस्तारमा उल्लेख्य

(बाँकी २ पेजमा)

## CRTB & CS System मा IBS System को Migration सम्पन्न

साविकमा ADSL/FTTH सेवाको Billing तथा Customer Care को लागि प्रयोगमा रहेको IBS System लाई यही बैशाख १० गतेदेखि Convergent Real Time Billing and Customer Support (CRTB & CS) System मा Migration गरिएको छ। यस अघि नै CDMA (Fixed/Mobile, Prepaid/Postpaid), GSM (Prepaid/Postpaid) र WiMAX सेवालाई CRTB & CS System मा Migration गरिसकिएको थियो।

बिगतमा फरक फरक सेवाको लागि छुट्टाछुट्टै Offline Billing System हुँदाको असुविधालाई कम गर्ने तथा ग्राहकलाई प्रतिष्पर्धात्मक बजार सुहाउँदो सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले केही बर्ष अघिदेखि कम्पनीका सबै सेवाहरु एउटै Convergent Real Time Billing and Customer Support System मा लैजाने गरी क्रमस: System Migration कार्य भइरहेको छ। अहिलेसम्ममा PSTN (ल्यान्डलाईन) सेवा बाहेकका अन्य सबै प्रमुख सेवाहरु एउटै CRTB &CS System मा Migration भइसकेको छ।

IBS System Migration पश्चात हाल GSM, CDMA, WiMAX सेवाको लागि प्रयोग भइरहेको CRM System बाटै ADSL FTTH सेवाको नयाँ जडान, महसुल संकलनलगायतका Customer Care सम्बन्धी सबै काम गर्न सकिनेछ। यसले ग्राहक सेवा सुविधामा बृद्धिका साथै कार्यालयको कार्य सम्पादन सहज हुने बिश्वास लिइएको छ।


साधारण सभामा उपस्थित सदस्यहरु

(१ पेजको बाँकी)

## कम्पनीको साधारण ...

योगदान पुर्‍याउँदै ग्राहक आधारमा उत्साहप्रद विस्तार तथा मुनाफा आर्जन गर्न सफल भएको बताउनु भयो। उहाँले गुणस्तरीय सेवा तथा सेवाको सहज उपलब्धतामार्फत आफ्नो बजार हिस्सालाई मजबुत गर्न तथा व्यावसायिक उद्देश्य हासिल गर्न कम्पनी निरन्तर सेवाको संख्यात्मक विस्तार र गुणात्मक सुधार गर्न प्रतिबद्ध रहेको बताउनु भयो।

उहाँले आर्थिक वर्ष २०७२।७३ मा सेवा विस्तार, सञ्चालन र वित्तीय दृष्टिकोणले उत्साहजनक रहेको जानकारी गराउँदै सो अवधिमा कुल राजस्व ३.६८ प्रतिशतले वृद्धि गरी खुद मुनाफा रु. १३ अर्ब ६८ करोड कायम राख्न कम्पनी सफल भएको र गत आर्थिक वर्षको तुलनामा १५.६५ प्रतिशतले ग्राहक संख्या वृद्धि भएको जानकारी दिनुभयो।

उहाँले सेवा विस्तारको कार्यलाई नाफामूलक क्षेत्रहरूमा मात्र सीमित नराखी तुलनात्मकरुपमा लगानी बढी हुने अति विकट तथा दुर्गम क्षेत्रहरूमा समेत निरन्तरता दिइराखेको र सावर्जनिक खरिद ऐन, २०६३ को पहिलो संशोधन २०७३ बाट वोलपत्र, खरिद सम्झौतालगायतका प्रावधानमा भएका संशोधनलाई समावेश गर्न कम्पनीको खरिद कार्यविधि मस्यादै तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिनुभएको थियो। कम्पनीको सेवा विस्तारमा र सेवाको गुणस्तर कायम गर्न अहं भूमिका निर्वाह गर्ने आपूर्तिकर्ता, परामर्शदाता र निर्माण व्यवसायीलाई थप जिम्मेवार भई कम्पनीसँग सहकार्य गर्न अभिप्रेरित गर्न खरिद सम्झौतामा नै यथोचित व्यवस्था मिलाउने गरी प्रकृया शुरु भएको समेत जानकारी दिनु भयो।

उहाँले कम्पनीबाट सञ्चालित आयोजनाहरू तेकिएको समयमा सम्पन्न गर्ने उद्देश्यले आयोजना कार्यान्वयनको अनुगमन प्रणालीलाई प्रभावकारी बनाई तोकिएको अवधिभित्र आयोजना सम्पन्न गर्ने सम्बद्ध पक्षहरूलाई पुरष्कृत गर्ने र नियतवश ढिलाई गर्नेलाई दण्ड जरिवाना गर्ने व्यवस्था कडाईका साथ लागू गर्ने व्यवस्था मिलाइने बताउनु भयो।

कम्पनीका अध्यक्षले साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न प्रश्नको जवाफ दिँदै कम्पनीलाई सक्षम र प्रतिस्पर्धी बनाउँदै सेवाग्राहीले तिरेको सेवाको मूल्यलाई सन्तुष्टिमा परिणत गरिने बताउनु भयो। उहाँले रणनितिक योजनालाई समय अनुकुल बनाउने, आयोजनाहरुलाई समयमै सम्पन्न गर्न योजनाबद्धरुपमा अघि बढिने बताउँदै रणनितिक साझेदार बर्तमान आवश्यकता भएकोले यससम्बन्धी कार्य यथाशीघ्र सम्पन्न गरिने बताउनु भयो। उहाँले आगामी दिनमा गुणस्तरीय सेवा दिँदै कम्पनीलाई सधैँ देशको एक नम्बर सेवाप्रदायकको रुपमा राखी शेयर धनीहरुलाई अझ बढी प्रतिफल दिने प्रतिबद्धता व्यक्त गर्नु भयो। उहाँले लाभांश रकम भोलिपल्टैबाट शेयरधनीहरुलाई वितरण गरिनेसमेत जानकारी गराउनु भएको थियो। सो अनुसार लाभांस वितरण भइरहेको छ।

## होली पर्वमा सहुलियतपूर्ण अफर

नेपाल टेलिकमले होली पर्वका अवसरमा आफ्ना उपभोक्ताहरुलाई विभिन्न किसिमका सेवाहरुमा सहुलियतपूर्ण अफर उपलब्ध गरायो। कम्पनीको चाडपर्व अफर अन्तर्गत GSM/CDMA पोष्टपेड तथा प्रिपेडका सेवाग्राहीलाई होली अफर उपलब्ध गराएको थियो।

यसरी उपलब्ध गराइएको सहुलियत अफर अन्तर्गत रिचार्ज कार्डमा डेटा बोनस, यूट्युब् डेटा प्याक र एसएमएस प्याक रहेका थिए।

रिचार्ज कार्डमा डेटा बोनस अन्तर्गत रु. २०० को रिचार्ज कार्डमा २०० एमबी डेटा, रु. ५०० को रिचार्ज कार्डमा ५०० एमबी डेटा र रु. १००० को रिचार्ज कार्डमा १००० एमबी डेटा दुई दिनसम्म बोनस अवधि रहने गरी राती १०:०० बजेदेखी बिहान ६:०० बजेसम्म उपभोग गर्न पाइने व्यवस्था गरिएको थियो। उक्त अफरको अवधि २०७३ फागुन २९ गतेदेखि २०७३ चैत्र ०३ गतेसम्म ५ दिन GSM/CDMA का प्रिपेडका ग्राहकलाई उपलब्ध गराइएको थियो। सो अफर अन्तर्गतको डेटा बोनस रिचार्ज गरेपश्चात् स्वतः प्राप्त हुने व्यवस्था गरिएको थियो।

त्यसैगरी यूट्युब् डेटा प्याक अन्तर्गत १ जिबी यूट्युब् डेटा प्याक १०० रुपैयाँमा २ दिनसम्म र ५०० एमबी यूट्युब् डेटा प्याक ६० रुपैयाँमा १ दिनसम्म उपभोग गर्न पाइने व्यवस्था गरिएको थियो। उक्त अफरको अवधि २०७३ फागुन २९ गतेदेखि २०७३ चैत्र १३ गतेसम्म १५ दिन GSM का प्रिपेड र पोष्टपेड ग्राहकलाई उपलब्ध हुने व्यवस्था थियो

सो अवसरमा एसएमएस प्याक अन्तर्गत १०० वटा एसएमएस १० रुपैयाँमा (नेपाल टेलिकमको नेटवर्कभित्र मात्र) ३ दिनसम्म उपभोग गर्न पाइने सुविधा दिइएको थियो। सो अफरको अवधि २०७३ फागुन २९ गतेदेखि २०७३ चैत्र ०१ गतेसम्म ३ दिन GSM/CDMA का ग्राहकलाई उपलब्ध गराइएको थियो। उपरोक्त अफरका दरहरु करसहितका हुन्।

## सीडीएमए प्रविधिको वायरलेस राउटर

नेपाल टेलिकमको वायरलेस राउटर नेपालमै पहिलो वायरलेस सीडीएमए प्रविधिको राउटर हो। यसको डाउनलोडिङ स्पिड ३.१ मेगाबाइटसम्म हुन्छ। सो राउटर नेपालको ७५ वटै जिल्लामा चलाउन सकिन्छ। यो राउटरले जहाँ पनि wifi signal द्वारा इन्टरनेट दिने हुँदा प्रयोगकर्ताले जुनसुकै स्थानबाट इन्टरनेट चलाउनुका साथै wifi zone गरेर एकै पटक ८ देखी १० जनासम्मले इन्टरनेटको सुविधा लिन सकिन्छ। यो वायरलेस राउटरको मूल्य रु. ५ हजार ९ सय रुपियाँ रहेको छ।

यो राउटरका फाइदाहरु निम्न रहेका छन :

- CDMA SKYPRO / GSM दुवै SIM कार्ड Support गर्छ।
- CDMA प्रविधि भएकोले नेपालको प्रायः दुर्गम तथा सुगम स्थानमा चलाउन सकिन्छ।
- यो Portable भएकाले यसबाट कुनै पनि स्थामा सजिलै इन्टरनेट चलाउन सकिन्छ।
- यो राउटर जोडेर Desktop Computer हरुमा पनि इन्टरनेट चलाउन सकिन्छ।
- wifi Hotspot / wifi zone गरेर एकै पटकमा धेरै व्यक्तिले इन्टरनेट चलाउन सकिन्छ।
- यसमा 3000 MAH को Battery भएकोले विद्युत नहुँदा पनि ६/७ घण्टा चलाउन मिल्छ।

## नारी दिवसमा छुट अफर

नेपाल टेलिकमले अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा आफ्ना उपभोक्ताहरुलाई बिभिन्न किसिमका सेवाहरुमा सहुलियत प्रदान गरेको छ। कम्पनीको प्रमोसनल अफर अन्तर्गत उपलब्ध गराइएको यो सहुलियत अफर २०७३ फागुन २५ गतेदेखि तीन महिनासम्म कायम रहनेछ। यसरी उपलब्ध गराइएको अफर अन्तर्गत फेसबुक प्याकेज, डे एण्ड नाइट डाटा प्याकेज र नाइट डाटा प्याकेज रहेका छन्।

फेसबुक प्याकेज अन्तर्गत २२ रुपैयाँ ६० पैसामा पाँच दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १०० एमबी डाटा उपलब्ध गराइएको छ।

त्यसैगरी डे एण्ड नाइट डाटा प्याकेज अन्तर्गत १०० रुपैयाँमा राती १० बजेदेखि बिहान ६ बजेसम्म ५०० एमबी र बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म १०० एमबी डाटा सात दिनसम्म उपभोग गर्न पाइने छ।

नाइट डाटा प्याकेज अन्तर्गत ४५ रुपैयाँमा राती १० बजेदेखि बिहान ६ बजेसम्म ५०० एमबी सात दिनसम्म र ९० रुपैयाँमा राती १० बजेदेखि बिहान ६ बजेसम्म १२०० एमबी डाटा १५ दिनसम्म उपभोग गर्न पाइने छ। उपरोक्त अफरका दरहरु करसहितका हुन्।

सेवा प्राप्त गर्ने तरिका : फेसबुक प्याकेज लिनका लागि Facebook टाइप गरी १४१५ मा म्यासेज पठाउनु पर्दछ भने डे एण्ड नाइट डाटा प्याकेज लिनका लागि DAY100MB टाइप गरी १४१५ मा म्यासेज पठाउनु पर्दछ। त्यसैगरी नाइट डाटा प्याकेज लिनका लागि NIGHT500MB अथवा NIGHT1200MB टाइप गरी १४१५ मा म्यासेज पठाउनु पर्दछ।

### ग्राहक आधार ....

(१ पेजको बाँकी)

अनुसार नेपाल टेलिकमको बजार हिस्सा अग्रस्थानमा छ। उक्त प्रतिवेदन अनुसार नेपाल टेलिकमको भ्वाइसमा ४९ प्रतिशत र डाटामा ५५.५६ प्रतिशत बजार हिस्सा रहेको छ। पौष महिनाको अन्त्यसम्म नेपाल टलिकमको भ्वाइस सेवाको ग्रहाक १ करोड ६४ लाख ४५ हजार र डाटा सेवाका प्रयोगकर्ता ८१ लाख उल्लेख गरिएको छ।




***FTTH कस्तो सेवा हो ? र हाल यो सेवा कुनकुन शहर हरुमा उपलब्ध छ ?***

FTTH सेवा नेपालमा हालसम्म उपलब्ध इन्टरनेट सेवामध्ये सबैभन्दा उच्च गतिको तार सहितको (wired) ब्रोडब्यान्ड इन्टरनेट डाटा सेवा हो। यसमा 1Mbps देखि 100 Mbps क्षमतामा Data सेवा उपभोग गर्न सकिन्छ भने भ्वाइस सेवा समेत प्रयोग गर्न सकिन्छ। यसमार्फत Multimedia service (जस्तैः Video On Demand, TV, Gaming, Video Conferencing) समेत उपभोग गर्न सकिन्छ।

FTTH मार्फत इन्टरनेट चलाउनको लागि CPE (Customer Premises Equipment) को आवश्यकता पर्छ। यो उपकरण कम्पनीले नै ग्राहकहरुलाई उपलब्ध गराउँछ भने पोलदेखि ग्राहकको घरसम्म आवश्यक पर्ने Optical Fiber Cable समेत कम्पनीले उपलब्ध गराउँछ। कम्पनीले यसलाई NT Fiber को नाममा ब्रान्डिङ गरेको छ। FTTH सेवाको प्याकेज, CPE र NT Fiber को शुल्क कम्पनीले तोके बमोजिम हुन्छ। हाल यो सेवा काठमाडौं, भरतपुर, पोखरा, वीरगञ्ज, बिराटनगर र बुटवल शहरहरुमा उपलब्ध छ।

**FTTH सेवाको महसुल दर के छ ?**

FTTH सेवाको महसुल दर प्याकेजअनुसार निम्न बमोजिम रहेको छ :

क) FTTH सेवामा निम्नानुसारको प्याकेज बिक्री वितरण गर्न सकिने :

| Package Validity | Bandwidth | Volume (GB) | Tariff (Rs.) | Fall Back |
|---|---|---|---|---|
| ३ महिना | Up to 10 Mbps | १२० | ५,१६०।- | 192 Kbps |
| ६ महिना | Up to 10 Mbps | २५० | ९,१२०।- | 192 Kbps |
| १२ महिना | Up to 10 Mbps | ६०० | १८,२४०।- | 192 Kbps |
| १२ महिना | Up to 100Mbps | ६०० | २३,०४०।- | 192 Kbps |

ख) यस्तै गरी हाल उपलब्ध रहेका FTTH सेवाको CPE को शुल्क निम्नानुसार कायम रहेको छ :

| प्याकेज (खरिदमा) | CPE मूल्य रु. |
|---|---|
| ३ महिना | ५०००।- |
| ६ महिना | २०००।- |
| १२ महिना | निःशुल्क |

यस कम्पनीबाट उपलब्ध गराइएको CPE बिग्रिएको खण्डमा एक महिनासम्म निःशुल्क Repair तथा Replace गरिने छ तथा सो अवधि पश्चात रु. ५ हजार लिएर Replace गरिने छ।

ग) अप्टिकल फाइबरको महसुल दर :

- FTTH सेवा जडान गर्दा ग्राहकहरुलाई आवश्यक 2 Core Optical Fiber १ सय मिटरसम्म निःशुल्क र सो भन्दा माथि प्रति मिटर रु.२०।- लिई सेवा सञ्चालन गरिने छ।
- उक्त ग्राहकको Fiber काटिएर, चुँडिएर वा पुरानो भएर अवरुद्ध भई सेवा पुनः सञ्चालन गराउनका लागि Fiber परिवर्तन गर्नु परेमा प्रति मिटर रु.२०।- लिई जडान तथा Replace गरिने छ।

**मोबाइल सेट हरायो भने टेलिकमले सेट खोज्न मद्दत गरिदिन्छ भन्ने सुनेको थिएँ। सही हो भने यसको प्रक्रिया के छ ?**

मोबाइल सेट हराएमा खोज्नका लागि टेलिकम कार्यालयले प्रत्यक्ष तपाईलाई मद्दत गर्न सक्दैन। यसका लागि तपाईंको नजिकको नेपाल प्रहरीको कार्यालयमा निवेदन दिनु पर्छ। तपाईंले निवेदन दिएपछि त्यसै अनुसार प्रहरीमार्फत नै मोबाइल सेटको खोजी हुन्छ।

तर त्यसका लागि तपाईंले आफ्नो मोबाइल सेटको IMEI (International Mobile Equipment Identity) नम्बर भने उपलब्ध गराउनु पर्छ। प्रत्येक मोबाइल सेटको IMEI नम्बर फरक हुन्छ। IMEI नम्बर मोबाइलको परिचय दिने १५ वा १७ अंकको संख्या हो। यो विशेषगरी मोबाइलको पछाडिको भागमा अर्थात ब्याट्री राख्ने ठाउँको मुनि लेखिएको हुन्छ। त्यस्तै मोबाइलमा *#06# डायल गरेर पनि आफ्नो IMEI नम्बर पत्ता लगाउन सकिन्छ।

**नेपाल टेलिकमको मिट सेवाको बारेमा चर्चा सुने पनि यसबारेमा राम्रो जानकारी भएन। यो कस्तो सेवा हो ? केही जानकारी पाउन सकिन्छ कि ?**

नेपाल टेलिकमले नयाँ सामाजिक सञ्जाल 'मिट' व्यवसायिक रूपमा सञ्चालनमा ल्याएको छ। हाल प्रचलित फेसबुक र ट्विटरजस्तै यसको उपयोग गर्न सकिन्छ। नेपाल टेलिकमले आफ्ना विभिन्न किसिमका सेवालाई एउटै सिस्टममा आबद्ध गराउने उद्देश्यअनुरूप युनिफाइड कम्युनिकेसन सिस्टमका रूपमा विकास गर्न यो सेवा ल्याएको हो।

मिटको सहयोगले अक्षर, तस्बिर, अडियो तथा भिडियो एक अर्कासँग सेयर गर्न सकिन्छ। त्यसैगरी टेलिकमका विभिन्न सेवाका बारेमा ग्राहकको सुझाव एवं गुनासा प्राप्त गर्न तथा जानकारी दिनसमेत सकिन्छ। मिट सेवाले सेवाग्राही र टेलिकमका बीचमा सामाजिक सम्बन्ध विकास गर्ने उद्देश्य लिएको छ।

टेलिकमले यसलाई www.meet.net.np डोमेन नेमका रूपमा दर्ता गरेको छ भने यसको ब्रान्ड नेम मिट राखेको छ।

कम्पनीका जीएसएम वा सीडीएमए मोबाइलमार्फत www.meet.net.np मा आफ्नो निश्चित विवरण भरी यो सेवा उपभोग गर्न सकिन्छ। दर्ता गरेपछि एउटा भेरिफिकेसन कोड मोबाइलमा आउँछ र त्यही कोड राखेपछि यो सेवा सुचारु गर्न सकिन्छ। यो सेवामार्फत प्याकेजका रूपमा निश्चित शुल्क तिरेर एकै पटक धेरै संख्यामा बल्क एसएमएस (५ हजार वटासम्म) पठाउन पनि सकिन्छ।

**विदेशमा जाँदा पनि नेपाल टेलिकमकै टेलिफोन नम्बरबाट नेपालमा कल गर्न तथा नेपालबाट हुने कल रिसिभ गर्नका लागि के गर्नुपर्छ होला ?**

व्यक्तिगत वा व्यावसायिक कामले विदेश जाँदा नेपाल टेलिकमकै सिम प्रयोग गरेर विदेशबाट स्वदेशमा नियमित सम्पर्क गर्न सहज हुने यस प्रकारको सुविधालाई अन्तर्राष्ट्रिय रोमिङ सेवा भनिन्छ। हाल नेपाल टेलिकमले आफ्ना पोस्टपेड ग्राहकलाई अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराउँदै आएको छ। यो सेवाको लागि नेपाल टेलिकमको कार्यालयमा गई अन्तर्राष्ट्रिय रोमिङ सुविधाको फारम भरी रु. ३० हजार जम्मा गर्नु पर्दछ। अन्तर्राष्ट्रिय रोमिङ सेवा लिएपछि नेपाल टेलिकमका सेवाग्राहीले आफूले प्रयोग गरिरहेको नम्बर अर्को देशमा रहेको अन्य सेवा प्रदायकको नेटवर्कमा समेत चलाउन सक्छन्।

रोमिङ इनवाउन्ड र आउटवाउन्ड गरी दुई किसिमको हुन्छ। नेपालका सेवाग्राहीले यहाँ प्रयोग गरिरहेको नम्बर विदेशमा गएर त्यहाँको नेटवर्कमा प्रयोग गर्नु आउटवाउन्ड रोमिङ हो भने विदेशका मोबाइल प्रयोगकर्ताले त्यहाँको नम्बर नेपालमा आएर प्रयोग गर्नु इनवाउन्ड रोमिङ हो।

साथै, नेपाल टेलिकमले NTPro प्रयोग गरी नेपाल वा विदेशबाट समेत GSM नेटवर्क बाहिर भएको तर कुनै Internet Zone भित्र रहेको अवस्थामा आफ्नै पोस्टपेड मोबाइलमार्फत विश्वभर कल गर्न वा कल प्राप्त गर्न सकिने सुविधा ल्याएको छ।

यो सुविधा उपभोग गर्नका लागि पहिले इन्टरनेटको प्रयोग गरी आफ्नो जीएसएम पोस्टपेड मोबाइल मार्फत NTPro एकाउन्ट खोल्नु पर्छ। यसका लागि Apple App Store र Google Play Store बाट NTPro App डाउनलोड गर्नुपर्छ। sub ntpro टाईप गरी १४२८ मा SMS गरेपछि प्राप्त युजर नेम र पासवर्ड प्रयोग गरी यो सेवा उपयोग गर्न सकिन्छ।

विदेशमा जाँदा रोमिङ सुविधा नलिइकन नै इन्टरनेटको सेवा उपलब्ध रहेसम्म नेपालमा कल गर्नका लागि समेत यसको प्रयोग गर्न सकिन्छ। यो सेवा रोमिङ सेवाको सजिलो विकल्पको रुपमा रहेको छ। NTPro बाट NTPro मा निःशुल्क कल गर्न सकिन्छ। NTPro बाट कल गर्दा वा रिसिभ गर्दा नेपाल टेलिकमको जीएसएम पोष्टपेड नम्बर नै कायम रहनेछ।

# Airtime Credit सम्बन्धी सम्झौता



सम्झौताको क्षण

नेपाल टेलिकमले आफ्ना GSM तथा CDMA प्रिपेड सेवाका सेवाग्राहीहरुलाई ब्यालेन्स नहुँदा पनि कल गर्न सुविधा पुगोस भन्ने उद्देश्यले सापटी रकम उपलब्ध गराउने भएको छ।

यस सम्बन्धमा नेपाल टेलिकम र हंकङस्थित Tiaxa को स्थानीय सेवाप्रदायक हेमन्त ट्रेड सेन्टर प्रा.लि. बीच गत चैत्र ६ गते सम्झौता सम्पन्न भएको छ। यसअनुसार उपभोक्ताले कम्पनीको जीएसएम तथा सीडीएमए प्रिपेड मोबाइलबाट कुरा गर्दागर्दै सकिएको ब्यालेन्समा सापटी रकम उपलब्ध हुनेछ।

कम्पनीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमका बीच सम्पन्न उक्त सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र हेमन्त ट्रेड सेन्टर प्रा.लि.को तर्फबाट सो प्रा.लि.का निर्देशक हेमन्त अग्रवालले हस्ताक्षर गर्नुभएको थियो।

कम्पनीका ग्राहकलाई थप सुविधा प्रदान गर्दै जाने नीति अनुरुप सीडीएमए तथा जिएसएम प्रिपेड मोबाइलबाट कुरा गर्दागर्दै ब्यालेन्स सकिए पनि कुराकानी निरन्तर भइरहोस् भन्ने उद्देश्यले कम्पनीले Airtime Credit को सुविधा ल्याइएको हो। यो सुविधा प्रयोग गरे वापत थप कुनै चार्ज वा ब्याज नलिई उपभोक्तालाई सापटी रकम उपलब्ध हुने छ, र रिचार्जपछि उपलब्ध हुने ब्यालेन्सबाट सो रकम कट्टा हुनेछ। उपभोक्ताले चाहेको समयमा कुनै पनि माध्यमबाट रिचार्ज गर्न सम्भव नभएको अवस्थामा यो सुविधा बढी उपयोगी हुने देखिन्छ। यसबाट मोबाइलमा ब्यालेन्स सकिएको अवस्थामा पनि आफन्तजनसँग कुराकानी गर्न सहज हुनेछ।

# सुपक्षेनिको निरीक्षण भ्रमण



नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले बर्तमान प्रतिस्पर्धात्मक अवस्थामा ग्राहक नै सबैभन्दा महत्वपूर्ण भएकाले ग्राहकका समस्याहरु गम्भिरतापूर्वक सुनेर यथाशीघ्र समाधान गरिदिनुपर्ने बताउनु भएको छ ।

सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको निरीक्षणपछि सो निर्देशनालय अन्तर्गतका कार्यालय प्रमुखहरुसँग अन्तरक्रिया गर्न क्षेत्रीय निर्देशनालय अत्तरियामा आयोजित कार्यक्रममा उहाँले सो भनाई राख्नु भएको हो । सो क्रममा उहाँले आगामी वर्ष कम्पनीका सेवा थप विस्तार गर्न तथा गुणस्तर सुधार गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले सम्पूर्ण कर्मचारीहरुलाई टिमवर्कको भावनाले काम गर्न प्रतिस्पर्धालाई चुनौती होइन अवसरका रुपमा उपयोग गर्न आग्रह गर्नु भयो ।

सो कार्यक्रममा सुदुरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका निर्देशक बुद्धकृष्ण मानन्धर, ब.ले.अ मदनलाल दास, ब.इ जगदीश लेखक, ब.इ मधुसुदन दहाल र कम्पनीमा क्रियाशिल कर्मचारी युनियनका क्षेत्रीय अध्यक्षहरुले कम्पनीको अवस्था, चुनौतीहरु र अब गर्नुपर्ने कार्यका विषयमा जानकारी गराउँदै आ-आफ्ना धारणा राख्नु भएको थियो ।

सो अन्तरक्रिया कार्यक्रममा सूचना प्रणाली सहयोगी निर्देशनालयका प्रबन्धक विनिता श्रेष्ठ, प्रमुख प्राविधिक अधिकृतको कार्यालयका उपप्रबन्धक उपेन्द्र प्रधान र वायरलेस सेवा निर्देशनालयका ब.इ निर्मलराज चटौत पनि सहभागी हुनुहुन्थ्यो ।

प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले निरीक्षण भ्रमणका क्रममा क्षेत्रीय निर्देशनालय अत्तरिया, दूरसञ्चार कार्यालय धनगढी र दूरसञ्चार कार्यालय महेन्द्रनगरको निरीक्षण गरी विभिन्न निर्देशनहरु दिनुभएको थियो ।

## प्रणय दिवसमा कम्पनीको अफर

नेपाल टेलिकमले प्रणय दिवस (Valentine's day 2017) का अवसरमा कम्पनीको जीएसएम सेवाका ग्राहकहरुका लागि रु २५ मा २५० मिनेटको टक टाइम भएको नाइट भ्वाइस प्याकेज अफर ल्याएको थियो । यो अफर फागुन ३ गतेदेखि फागुन १७ गतेसम्म लागू रहेको थियो । उक्त प्याकेजको अवधि (Validity Period) ग्राहकले लिएको (Subscribe गरेको) मितिबाट ७ दिनसम्म रहने व्यवस्था गरिएको थियो । सो अफर अन्तर्गत लिएको प्याकेजको उपयोग राती १० बजेदेखि बिहान ६ बजेसम्म गर्न सकिने व्यवस्था गरिएको थियो ।

त्यस्तैगरी कम्पनीले सोही अवसरमा हरेक जीएसएम तथा सीडीएमए प्रिपेड सीम तथा रीमको खरिदमा अर्को त्यस्तै रु. ५० बराबरको टक टाइम भएको सीम वा रीम निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको थियो । उक्त अफर गत फागुन ३ गतेदेखि ५ गतेसम्म लागू रहेको थियो ।

## शिवरात्रीमा Festival Offer

उपभोक्ताहरुलाई यथासक्य सहुलियतपूर्ण दूरसञ्चार सेवा उपलब्ध गराउने कम्पनीको नीतिअनुसार नेपाल टेलिकमले पवित्र चाड शिवरात्रीको अवसरमा Festival Offer ल्याएको थिपयो ।

उक्त अफरमा Data Bundle Package अर्न्तगत रु. ७५ मा 100 MB Data र वोनसको रुपमा 100 MB नै You Tube Data Pack उपलब्ध गराइएको थियो । उक्त Data १५ दिनसम्म प्रयोग गर्न सकिने व्यवस्था गरिएको थियो । त्यस्तैगरी रु.१५० मा 200 MB Data र वोनसको रुपमा 200 MB नै You Tube Data Pack उपलब्ध गराइएको थियो । ती दुवै Data Package ३० दिनसम्म २४ सै घण्टा प्रयोग गर्न सकिने व्यवस्था गरिएको थियो ।

त्यस्तै Facebook Packa*ge अर्न्तगत रु. २२६० मा ५ दिनको अवधिका लागि 100 MB फेसबुक प्याकेज पनि उपलब्ध गराइएको थियो । Festival Offer २०७३ फागुन १३ देखी २०७३ फागुन २७ गतेसम्म लागू रहेको थियो । उल्लिखित शुल्कहरु करसहितका हुन् ।

## TEAN को वार्षिकोत्सव सम्पन्न

नेपाल दूरसञ्चार कर्मचारी संघ (TEAN) को २७औं वार्षिकोत्सव विविध कार्यक्रमको आयोजना गरी सम्पन्न भएको छ । गत चैत्र २८ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमका प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय सचिव योगेश भट्टराईले नेपाल टेलिकम देशको गौरव भएको बताउँदै सर्वसाधारण जनतालाई सस्तो, भरपर्दो र जनउत्तरदायी सेवा दिन सफल भएकोमा प्रशंसा गर्नुभयो । उहाँले विश्वलाई नेपालसँग जोड्ने Historical Connectivity को दायित्व निर्वाह गरेकोमा नेपाल टेलिकमलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाल टेलिकममा कार्य संस्कृति परिवर्तन गर्न आवश्यक रहेको औल्याउदै सम्पूर्ण कर्मचारीहरुलाई इमान्दार भएर काम गर्न आग्रह गर्नुभयो । कम्पनीको पुनर्संरचनाको कार्य छिटै टुंगिने जानकारी दिँदै उहाँले आगामी दिनमा कम्पनीले डाटा सेवालाई प्राथमिकता दिने बताउनु भयो ।

कार्यक्रममा नेपाल दूरसञ्चार कर्मचारी संघ (TEAN) का उपाध्यक्ष पशुपति गिरी, नेपाल राष्ट्रिय कर्मचारी संगठन (संयुक्त) (NEONUNT) का सहसंयोजक बाबुजी पण्डित, नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष राजकुमार मेहता, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष राजेन्द्र कुमार दाहाल, UNI ICTS नेपालका अध्यक्ष शंकर लामिछाने, नेपाल दूरसञ्चार कर्मचारी संघका पूर्व अध्यक्ष कुल बहादुर आचार्य, सार्वजनिक संस्था कर्मचारी संघका अध्यक्ष गोविन्द पौडेल, पेशागत महासंघ नेपालका अध्यक्ष विश्वनाथ प्याकुरेल लगायतले वार्षिकोत्सवको सफलताको कामना गर्दै ट्रेडयुनियनले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा आ आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा वार्षिकोत्सका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिता तथा रक्तदान कार्यक्रमका सहभागीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । त्यसैगरी गत वर्षको एसएलसी परीक्षामा सबैभन्दा बढी अंक ल्याउने तह १ का कर्मचारीका सन्तती मध्ये एक जना र ६ वटै क्षेत्रमा क्षेत्रगत रुपले एक-एक जना गरी ६ जनालाई छात्रबृत्ति प्रदान गरिएको थियो ।

कार्यक्रमका सभापति तथा दूरसञ्चार कर्मचारी संघका अध्यक्ष राज बहादुर रावलले संस्थाको उन्नतीका लागि क्रियासिल कर्मचारी युनियनहरु एक भएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

## कर्मचारी संगठनको अधिवेशन सम्पन्न

नेपाल राष्ट्रिय कर्मचारी संगठन(संयुक्त), नेपाल टेलिकमको केन्द्रीय अधिवेशन विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न भएको छ ।

गत बैशाख ७ गते नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमका प्रमुख अतिथि उप-प्रधान एवम् अर्थमन्त्री कृष्ण बहादुर महराले नेपाल टेलिकम जनताको कम्पनीको रुपमा रहेकाले टेलिकमका सेवा सुविधाहरु गुणस्तरीय र उपभोक्तामैत्री हुनु पर्ने बताउनु भयो । उहाँले देशको आर्थिक समृद्धिमा नेपाल टेलिकमको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै कम्पनीको विकास, विस्तार र सुधारका योजनाहरु अगाडि बढाउनका लागि आफ्नो क्षेत्रबाट आवश्यक सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले संस्थालाई अघि बढाउन सबै कर्मचारीहरु आ-आफ्नो ठाउँबाट इमान्दार र कर्तव्यनिष्ठ भई काम गर्नुपर्ने बताउनुभयो । उहाँले कम्पनीका योजना र आयोजनाहरुलाई समयमै सम्पन्न गर्नका लागि सबैको सहयोगको आवश्यक रहेको बताउनु भयो ।

कार्यक्रममा नेपाल टेलिकम कर्मचारी युनियन (NTEU) का अध्यक्ष राजकुमार मेहता, नेपाल टेलिकम वर्कर्स युनियन (NTCWU) का अध्यक्ष राजेन्द्र कुमार दाहाल, नेपाल दूरसञ्चार कर्मचारी संघ (TEAN) का अध्यक्ष राज बहादुर रावल, नेपाल राष्ट्रिय कर्मचारी संगठन (संयुक्त) (NEONUNT) का सहसंयोजक बाबुजी पण्डितले आ-आफ्ना धारणा राख्नुभएको थियो ।

कार्यक्रम नेपाल राष्ट्रिय कर्मचारी संगठन (संयुक्त) (NEONUNT) का संयोजक यज्ञ बजगाईको सभापतित्वमा भएको थियो । उक्त अवसरमा संयोजक बजगाईले कम्पनीको संस्थागत कार्यसंस्कृतिको सुधार तथा कर्मचारीको हकहित सम्बन्धमा साझा सहमति गरेर अगाडि बढ्नु पर्ने विचार राख्नु भएको थियो ।

गत बैशाख ७ देखी ९ गतेसम्म काठमाण्डौमा सम्पन्न केन्द्रीय अधिवेशनले दामोदर केसीको अध्यक्षतामा ५२ सदस्यीय केन्द्रीय कार्यसमितिको चयन गरेको थियो ।

# नेपाल टेलिकमको 4G सेवा

सेवाग्राहीहरुलाई नवीनतम तथा विश्वस्तरीय प्रविधि मार्फत सेवा प्रदान गर्ने उद्देश्य अनुरुप गत पौष १७ गतेदेखि नेपाल टेलिकमले मुलुकमै पहिलो पटक 4G/LTE प्रविधिमा आधारित सेवा सञ्चालन शुरु गरिसकेको छ ।

हाललाई यो सेवा काठमाण्डौ उपत्यका र पोखराको अधिकांश क्षेत्रमा उपलब्ध छ । कम्पनीले यो सेवालाई क्रमश: मुलुकभर विस्तार गर्ने योजनाअनुसार आबश्यक कारवाही अगाडि बढाएको छ । नेपाल टेलिकमले सञ्चालनमा ल्याएको यो सेवाप्रति सेवाग्राहीहरुको जिज्ञासा तथा रुचीले कम्पनीलाई उत्साहित बनाएको छ । यस सेवा वारेमा थप जानकारी :

**4G/LTE भनेको के हो ?**

Long Term Evolution प्रविधिमा आधारित चौथो पुस्ता (Fourth Generation, 4G) को मोबाइल इन्टरनेट सेवा नै 4G/LTE सेवा हो ।

4G/LTE प्रबिधि मार्फत उच्च गतिको इन्टरनेट प्राप्त हुने हुँदा उच्च गुणस्तरीय श्रब्य-दृष्य सामग्रीहरु लगायत बढी ब्याण्डविथ आवश्यक हुने इन्टरनेट सामग्रीहरु सजिलै हेर्न तथा सुन्न सकिनु 4G/LTE सेवा प्रयोग गरेपछि हुने मुख्य फाइदाहरु हुन् ।

- नेपाल टेलिकमको 4G/LTE सेवा प्रयोग गर्न तपाईंको मोबाइल फोन र सिम कार्ड 4G/LTE चल्ने (Support गर्ने) हुनु पर्दछ र तपाईं 4G/LTE सेवा उलपब्ध भएको क्षेत्रमा हुनु जरुरी छ ।
- तपाईंको मोबाइल फोनको नेटवर्क सेटिङमा गई फोनले कुन कुन प्रविधिमा काम गर्छ हेर्न सकिन्छ । उपलब्ध बिकल्पहरु मध्ये 4G/LTE रहे नरहेको यकिन गर्नुहोस् । साथै नेपाल टेलिकमको नेटवर्कमा 4G/LTE सेवा सुचारु गर्नको लागि तपाईंको मोबाइल फोनले १८०० मेगाहर्ज ब्याण्डमा काम गर्छ भन्ने सुनिश्चित गर्न फोनको Specification हेर्नुहोस् ।
- तपाईंले आफ्नो मोबाइल फोनवाट *444# डायल गरी प्राप्त निर्देशन अनुरुप सिम परिक्षण गर्न तथा 4G/LTE सेवा सुचारु समेत गर्न सक्नुहुन्छ ।
- काठमाण्डौ उपत्यकामा दूरसञ्चार कार्यालयहरु चाबहिल, हात्तीगौडा, गोंगबु, सुन्धारा, छाउनी, बबरमहल, जावलाखेल, साझा भवन, ठिमी र भक्तपुर तथा पोखरामा दूरसञ्चार कार्यालय महेन्द्रपुलबाट नियमित प्रक्रिया मार्फत 4G/LTE चल्ने सिम (U-SIM) प्राप्त गर्न सक्नु हुनेछ ।
- 4G/LTE सेवा नि:शुल्क सुचारु गर्न सकिन्छ ।
- 3G सेवाको लागि प्रयोगमा आएको ntnet वा ntwap मध्ये कुनै एक APN तपाईंको मोबाइल फोनमा प्रयोग गर्न सकिन्छ ।
- 4G/LTE सेवा 3G/2G सेवाको दरमा नै उपलब्ध छ । नेपाल टेलिकमले आफ्ना ग्राहकहरुलाई आकर्षक प्याकेजहरु नियमित उपलब्ध गराउँदै आएको छ । नयाँ प्याकेजहरुको बारेमा जानकारीको लागि कम्पनीको वेबसाइट (www.ntc.net.np) हेर्नुहोस् ।
- 4G/LTE सेवा सुचारु गरे पश्चात पनि सेवाग्राहीले खरिद गरेको डाटा प्याकेज सेवा अवधिभर निर्वाध रुपमा उपयोग गर्न पाइन्छ । 4G/LTE सेवा सुचारु गरेपछि नेटवर्क कभरेज क्षेत्रमा हुँदा 4G/LTE को स्पिडमा पुरानै प्याकेज उपयोग गर्न सकिनेछ ।
- नेपाल टेलिकमको 4G/LTE सेवा सम्बन्धमा कुनै जिज्ञासा तथा गुनासाहरु भए कम्पनीको ग्राहक सेवा केन्द्रको नम्बर १४९८ मा सम्पर्क गर्न तथा कम्पनीको वेवसाइट हेर्न सकिन्छ ।

# KU Band सम्झौता नवीकरण



सम्झौताको क्षण

नेपाल टेलिकम र चाइना स्याटेलाईट कम्युनिकेसन कम्पनि प्रा.लि.बीच Lease Service Delivery of KU Band Space Segment सम्बन्धी सम्झौता नविकरण भएको छ ।

गत फागुन ८ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र चाइना स्याटेलाईट कम्युनिकेसन कम्पनी प्रा.लि.का मार्केटिङ्ग तथा सेल्स बिभाग प्रमुख झ्याङ यान (Zhang Yan) ले सो सम्झौतापत्रमा हस्ताक्षर गर्नु भएको थियो । अप्टिकल र माइक्रोवेभ रेडियोको पहुँच नभएका देशका विकट ग्रामीण क्षेत्रहरुमा इन्टरनेट, टेलिफोन र मोबाइललगायतका सेवाहरु सञ्चालन गर्नका लागि यो सम्झौता नवीकरण महत्वपूर्ण छ । नेपाल टेलिकमले चाइना स्याटेलाईट कम्युनिकेसन कम्पनी प्रा.लि.सँग सन २००८ देखि नै स्याटेलाइटसम्बन्धी बिभिन्न सम्झौता गर्दै आएको छ ।

सम्झौता कार्यक्रममा बोल्दै नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले भविष्यमा कम्पनीले स्थापना गर्ने डाटा सेन्टरमा स्याटेलाइट लिंक ब्याकअपका रुपमा प्रयोग गर्न उपयोगी हुने बताउनुभयो । त्यस्तै चाइना स्याटेलाईट कम्युनिकेसन कम्पनी प्रा.लि.का प्रमुख झ्याङ यानले नेपाल टेलिकमसँग सम्झौता गर्दा खुसी लागेको बताउँदै नयाँ प्रविधिको स्याटेलाईट सञ्चालनमा ल्याई सेवामा उपयोग गरिने बताउनु भयो ।

# IP/MPLS ट्रान्समिसन सम्बन्धी सम्झौता



सम्झौताको क्षण

उच्च र नवीनतम प्रविधियुक्त IP/MPLS Optical Transmission Equipment को माध्यमबाट Multi Service Access Platform मार्फत LTE Ready नेटवर्क तयार गर्ने उद्देश्यले नेपाल टेलिकम र आपूर्तिकर्ता कम्पनी हनी इन्टरप्राइजेज् बीच सम्झौता सम्पन्न भएको छ ।

गत चैत्र ११ गते कम्पनीको केन्द्रीय कार्यालयमा सम्पन्न उक्त सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र हनी इन्टरप्राइजेज्को तर्फबाट निर्देशक हेमन्त नाहाटाले हस्ताक्षर गर्नु भएको थियो ।

नेपाल टेलिकमले सञ्चालन गरिरहेको ब्याकबोन ट्रान्समिसन नेटवर्कमा दूरसञ्चार सेवाहरु अन्तर-आबद्धता गर्न प्रयोग हुने IP-based Optical Transmission Network, NG-SDH Optical Network, Optical Packet Transport Network लगायतका सिस्टमहरुले कभरेज गर्न नसकेका स्थानहरुसहित केही भइरहेका साइटहरुलाई समेत क्षमता र प्रविधि दुवै स्तरोन्नती गरी अझ उच्च तथा नवीनतम प्रविधियुक्त बनाउनका लागि कम्पनीले यो कदम अघि बढाएको हो ।

यस आयोजनाको मुख्य उद्देश्य IP/MPLS अप्टिकल उपकरणहरूको प्रयोगमार्फत् देशव्यापी रुपमा उच्च गुणस्तरको Voice, Video, Data जस्ता Triple Play सेवाहरु सेवाग्राहीबीच पुऱ्याउन सकिने गरी ट्रान्समिसन नेटवर्कको स्थापना हुनेछ ।

# अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल टेलिकमले गत चैत्र ७ गते काठमाडौंमा कम्पनीको आर्थिक गतिविधि सम्बन्धमा जानकारी गराउने उद्देश्यले पत्रकार अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा कम्पनीका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले टेलिकमको आर्थिक गतिविधिबारे जानकारी गराउँदै प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले ग्राहकलाई सस्तो तथा सुलभ मूल्यमा सेवा प्रदान गर्नुका साथै कम्पनीका सेवाहरुको महसुल दर पनि पारदर्शि हुने गरेको बताउनु भयो । उहाँले कम्पनीले सेवा विस्तार गर्ने क्रममा शहरी क्षेत्रका साथै लागत नै नउठ्ने दुर्गम क्षेत्रमा समेत सेवा विस्तार गरी जनताप्रतिको उत्तरदायित्व निर्वाह गर्दै आएको बताउनु भयो ।

सो अवसरमा उहाँले नियमित रुपमा कम्पनीका व्यवसाय तथा कारोबारहरू आन्तरिक तथा बाह्य लेखापरीक्षकमार्फत लेखापरीक्षण हुने गरेको र प्राबिधिक परीक्षणसमेत शुरु गरिएको बताउनु भयो । लेखा प्रणाली, आर्थिक विवरण र वार्षिक प्रतिवेदन प्रचलित मापदण्डअनुसार स्तरीयरुपमा प्रस्तुत गरे बापत नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाद्वारा आर्थिक वर्ष २०७१/७२ को लागि विभिन्न विधामा प्रदान हुने सम्मानमध्ये जनरल विधातर्फ प्रथम रनरअप सम्मान कम्पनीलाई प्राप्त भएको जानकारी दिनु भयो । सो अवसरमा उहाँले कम्पनीले अपर तामाकोसी हाइड्रो पावर लि. त्रिशूली जलविद्युत् कम्पनी लि. र विद्युत् उत्पादन कम्पनी लि.मा कम्पनीको लगानी गरेको जानकारी दिनु भयो ।

सो कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले टेलिकमले ग्राहक संख्या बढाउने भन्दा पनि आफ्नो सेवाको गुणस्तरमा विशेष ध्यान दिएको बताउनु भयो । उहाँले कम्पनीले पछिल्लो प्रविधि फोर जी/एलटीईमा लगानी बृद्धि गर्ने र बजार विस्तारलाई प्राथमिकता दिएर मुलकभर सेवा विस्तार गरिने बताउनु भयो । साथै उहाँले ग्राहकका गुनासालाई तत्काल सम्बोधन गर्ने गरी कष्टमर केयर सेवालाई थप प्रभावकारी बनाउन 'कम्प्लेन अडिट' को व्यवस्था भइसकेको समेत जानकारी गराउनु भयो ।

सो अवसरमा उहाँले, सञ्चार माध्यमहरुले कम्पनीका सेवाहरु बारेमा आमनागरिकलाई सुसूचित गराउनका साथै उपभोक्ताहरुको आवश्यकता, चाहना र गुनासाहरुलाई उजागर गरेर त्यस क्षेत्रमा थप काम गर्न कम्पनी व्यवस्थापनलाई प्रेरित गरिरहेको बताउँदै सञ्चार माध्यमले प्रकाशन/प्रसारण गरेका कतिपय सुझावमुलक सामग्रीहरु कम्पनीका लागि मार्गदर्शकसमेत बन्ने गरेको बताउनु भयो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै कम्पनीका प्रवक्ता प्रतिभा वैद्यले आमसञ्चार माध्यममा प्रकाशन/प्रसारण हुने कम्पनीसँग सम्बन्धित आर्थिक गतिविधि सम्बन्धी समाचार सामाग्रीहरु अझ बढी तथ्यपरक हुन् र सञ्चारकर्मीहरुलाई यससम्बन्धी समाचार सम्प्रेषण गर्न थप सहज होस् भन्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको बताउनु भयो

सो अन्तरक्रिया कार्यक्रममा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु, प्रबन्धकहरु, वरिष्ठ अधिकृतहरु लगायत करिव ५० जना पत्रकारहरुको उपस्थिति रहेको थियो ।

# अप्टिकल नेटवर्क बिस्तार सम्बन्धी सम्झौता


सम्झौताको क्षण

नेपाल टेलिकम र Jiangsu Tongguang Optical Fiber Cable Co.Ltd, China बीच एडीएसएस केवल बिस्तारको लागि सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौता पश्चात् कम्पनीको सञ्जालमा रहेका विभिन्न Underground Optical Fiber, ADSS तथा नेपाल विद्युत प्राधिकरणबाट भाडामा लिई सञ्चालनमा रहेको Optical Ground Wire Composite (OPGW) सहित कम्पनीको हालको Optical Fiber Network को थप विस्तार हुनेछ ।

गत फागुन २७ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबीच सो सम्बन्धमा सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र Jiangsu Tongguang Optical Fiber Cable Co.Ltd, China को तर्फबाट सेल्स म्यानेजर Chen Chunjun ले हस्ताक्षर गर्नु भएको थियो ।

नेपाल टेलिकमले विभिन्न विद्युत कम्पनीका प्रसारण एवं वितरण टावर तथा पोलहरु मार्फत विश्वसनीय र भरपर्दो अप्टिकल नेटवर्क देशभर विस्तार गर्ने लक्ष्य लिएको छ । यसको लागि कम्पनीले Optical Ground Wire Composite (OPGW), All-Dielectric Self Supporting Cable (ADSS) प्रसारण र वितरण लाइनका साथ साथै Self-Supporting Optical Cable प्रयोगको परिकल्पना गरेको छ । यस परियोजनाको उद्देश्य कुल एक हजार किलोमिटर मार्गमा Optical Fiber Network विस्तार गर्ने रहेको छ । यो नेटवर्कले देशका उत्तर दक्षिण मार्ग, जिल्ला सदरमुकामका साथै अन्य प्रमुख क्षेत्रलाई समेत समेट्ने छ ।

यो सम्झौता अन्तर्गत आपूर्तिकर्ताबाट सर्वेक्षण, डिजाइन, आपूर्ति, जडान, परीक्षण र ADSS केबल हस्तान्तरण हुनेछ । सो नेटवर्कले देशका विभिन्न दुर्गम तथा विकट स्थानहरुमा समेत Voice, Data तथा Video सेवा प्रदान गर्न सकिने गरी Information Highway को बिस्तार हुनेछ ।

यो नेटवर्कले भोजपुर, संखुवासभा, खोटाङ्ग, रामेछाप, दोलखा, मुस्ताङ्ग, दैलेख, डडेलधुरा, डोटी, बैतडी, अछाम र अन्य ठाँउहरुलाई कम्पनीको विद्यमान Optical Fiber Cable संरचनामा आवद्ध गर्ने छ ।

# नेपाल टेलिकम र साझा यातायातबीच सम्झौता


सम्झौतापछि फाइल आदान-प्रदान गरिदै

नेपाल टेलिकम र साझा यातायात सहकारी संस्था लिमिटेडबीच साझा यातायातका बसहरुमा नेपाल टेलिकमका सेवाहरुको बजार प्रबर्द्धन गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ । यस सम्बन्धमा विगत केही वर्ष देखि भइरहेको सहकार्यलाई गत चैत्र २१ गते पुनः थप गर्ने सम्झौता भएको हो ।

सो सम्झौतापत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र साझा यातायातका तर्फबाट का.मु. प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले हस्ताक्षर गर्नुभयो । सम्झौता हस्ताक्षर कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले नेपाल टेलिकमका सेवाहरुको बजार प्रबर्द्धनका लागि साझा यातायातसँग भविष्यमा अन्य क्षेत्रमा पनि सहकार्य गर्न सकिने बताउनु भयो ।

कार्यक्रममा साझा यातायातका का.मु.प्रमुख कार्यकारी अधिकृत महेन्द्रराज पाण्डेयले नेपाल टेलिकमसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै टेलिकमसँगको सम्झौताले दुबै संस्थालाई व्यावसायिक लाभ हुने बताउनुभयो ।

# Facebook Cache
## सञ्चालनमा

नेपाल टेलिकमले इन्टरनेट सेवामा उपभोग हुने डिजिटल Content लाई यथाशक्य स्थानीय नेटवर्कमा उपलब्ध गराउने उद्देश्यले Facebook को Cache Server आफ्नो नेटवर्कमा जडान गरी सञ्चालन शुरु गरेको छ ।

कम्पनीको इन्टरनेट सेवामा ग्राहकवर्गको रुची र प्राथमिकता रहने गरेको Facebook browsing लाई छिटो छरितो बनाई इन्टरनेट सेवाको Customer Experience अभिबृद्धि गर्ने उद्देश्य अनुरुप गत चैत्र तीन गतेबाट Facebook Cache जडान गरी सो मार्फत Facebook को site उपलब्ध गराइएको छ । यस कार्यबाट कम्पनीले international bandwidth लाई प्रभावकारी रुपमा उपयोग गर्न सक्छ ।

Facebook Cache जडान पछि टेलिकमको नेटवर्कमा फेसबुक चलाउँदा तुलनात्मक रुपमा तीव्रता आएको छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@gmail.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Meghanath Dhakal**